## योजना तर्जुमाको प्रक्रियाबारे जान्नै पर्ने कुरा

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको चरणमा नागरिक, नागरिक समाज तथा लक्षित समूहका सदस्यहरूका लागि सबैभन्दा महत्वपूर्ण चरण भनेको तेस्रो चरण हो । यस चरणमा नागरिक तथा नागरिक समाज र समुदायसँग छलफल गरी बस्ती तथा टोलस्तरीय योजना तर्जुमाको छनोट गरिन्छ । यो बैठक वडा समितिको अगुवाइमा हरेक आर्थिक वर्षको वैशाख मसान्तभित्र वडामा आयोजना गर्ने व्यवस्था रहेको छ । यदि टोल समाजमा वैशाख मसान्तभित्र बस्ती तहको छलफल भएको छैन भने यस विषयमा सोधखोज गरी चासो र सरोकार राख्ने दायित्व नागरिकको पनि हो । यही बैठकमा स्थानीय समुदायलाई सहभागी भई आफ्नो टोलको विकास लागि आवश्यक योजना तथा कार्यक्रमहरूबारे विचार राख्ने, माग गर्ने अधिकार तथा अवसर उपलब्ध हुन्छ । यो बैठक कहाँ, कहिले कुन समयमा गर्ने सूचना कम्तीमा पनि ३ दिन अगाडि वडा कार्यालयले स्थानीय समुदायलाई सार्वजनिक सूचनामार्फत जानकारी गराउने व्यवस्था रहेको छ । तर यसमा मात्र सहभागी भएर हुँदैन चौथो चरणमा योजनाहरूलाई प्राथमिकताको क्रममा राखी समितिमा पेस गर्ने प्रावधान छ । सो चरणमा आफ्नो समुदायले माग गरेको योजनाहरू परेका छन् वा छैनन् भनी सो चरणमा पनि चनाखो र सचेत हुनुपर्दछ ।

वडाको योजना तर्जुमा बैठक/भेलामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा सिमान्तकृत समुदायको माग तथा आवश्यकतालाई सम्बोधन गराउने राम्रो अवसर हो । यसकारण यी वर्गको उक्त भेलामा सबैले अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ ।

## स्थानीय तहको योजना तर्जुमा, बजेट र कार्यक्रमको कार्यान्वयनलाई कसरी लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बनाउन सकिन्छ ?

- कार्यक्रमको छनोट, तयारी र कार्यान्वयन गर्दा स्थानीय सरकारले उल्लेख्य मात्रामा महिला, दलित, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अन्य पछाडि पारिएका वर्गहरूसँग समन्वय गरी उनीहरूको सहभागिता सुनिश्चित गरेको हुनुपर्छ । हरेक चरणमा खण्डीकृत तथ्यांकको अभिलेखीकरण हुनुपर्छ ।
- गाउँ वा नगरपालिकाको बजेट तथा कार्यक्रमले महिला, दलित, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अन्य पछाडि पारिएका वर्गहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य लिएको हुनुपर्छ । उनीहरूको फरक आवश्यकतालाई पूरा गर्न पर्याप्त मात्रामा बजेट विनियोजन भएको हुनुपर्छ । पछिल्ला वर्षहरूको तुलनामा बजेट र अन्य स्रोतहरू वृद्धि गरिएको हुनुपर्छ ।
- लक्षित समुहहरूलाई लक्षित गरी स्थानीय तहमा आयआर्जन तथा रोजगारीको अवसरहरू सिर्जना गरेको हुनुपर्छ ।
- महिला तथा लक्षित वर्गहरूले कार्यक्रमको परिणाम तथा उपलब्धिबाट अधिक मात्रामा लाभ लिएको हुनुपर्छ । कार्यक्रमको प्रगति प्रतिवेदनमा स्पष्टरूपमा यति संख्यामा महिला, अपांगता भएका व्यक्ति र अन्य लक्षित वर्गहरूले लाभ लिएको खण्डीकृत तथ्यांक उल्लेख गरी प्रतिबेदन सार्वजनिक गर्नुपर्छ ।
- स्थानीय कार्यक्रम तथा योजनाले महिलाहरूको परम्परागत लैंगिक भूमिकालाई गुणात्मक रूपले परिवर्तन गर्ने दीर्घकालीन लक्ष्य लिएको हुनुपर्छ ।

## स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रियाको समयतालिका

| चरण | योजना तर्जुमासम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| १. बजेटको पूर्वतयारी | १. विषय क्षेत्रसँग सम्बन्धित सूचना संकलन र विश्लेषण गरी अध्यावधिक गर्ने | मंसिर मसान्तभित्र | विषयगत महाशाखा/शाखा |
| | २. आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनासमेत कार्यक्षेत्रभित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | पुस १५ गतेभित्र | विषयगत महाशाखा/शाखा, प्रमुख, प्रशासकीय अधिकृत, विषयगत समिति |
| | ३. आगामी आ.व.को राजस्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने | पुस १५ गतेभित्र | राजस्व परामर्श र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ४. आयव्ययको प्रक्षेपण गरिएको तथ्यांक विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेस गर्ने | पुस मसान्तसम्म | राजस्व तथा आर्थिक प्रशासन शाखा |
| | ५. विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने | माघ मसान्तभित्र | कार्यपालिका |
| २. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | ६. संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँट र रोयल्टी सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | ७. गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्बन्धमा पूर्व बजेट छलफल गर्ने | चैत मसान्तभित्र | प्रमुख/अध्यक्ष |
| | ८. नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेस गर्ने | वैशाख ७ गतेभित्र | |
| | ९. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण आधार तथा विधि तयार गर्ने | वैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | १०. कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | वैशाख १० गतेभित्र | |
| | ११. विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| ३. बस्ती/ टोल स्तरबाट योजना छनोट | १२. बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |
| | १३. बस्ती/टोलस्तरमा आयोजना छनोट गरी वडा समितिमा पेश गर्ने | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| ४. वडा स्तरीय योजना प्राथमिकता निर्धारण | १४. बस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | १५. वडाको बजेट/सीमाभित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने | जेठ १० गतेभित्र | |
| ५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | १६. विषयगत महाशाखा/शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा |
| | १७. विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा सांकेती करण गर्ने | जेठ २५ गतेभित्र | विषयगत समिति |
| | १८. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १९. गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २० आर्थिक विधेयकको मस्यौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | |
| | २१. विनियोजन विधेयकको मस्यौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | |
| ६. कार्यपालिकाबाट स्वीकृत र सभामा पेस गर्ने | २२. बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गतेभित्र गरी सभामा प्रस्तुत गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| ७. सभाबाट स्वीकृति | २३. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |
| | २४. बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

*स्रोत : स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।*


**न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)**
पो.ब.नं. ४१३८, ज्वागल, कुपण्डोल, ललितपुर
इमेल : jurinepal@gmail.com
फोन/फ्याक्स: ०१- ५४३८९०९, ५४३८९१०
वेभसाइट : www.jurinepal.org.np

**दलित महिला संघ (फेडो)**
पो.ब.नं. ४३६६, कुपण्डोल, ललितपुर
इमेल : dms.fedo@gmail.com
फोन : ०१-५४४३९८६
वेभसाइट : www.fedonepal.org


# स्थानीय तह

# योजना तर्जुमा र बजेट विनियोजनका विधि तथा चरणहरु






तस्बिर : सिर्जना भट्ट


SUOMI FINLAND
JuRI-Nepal
FEDO
UN WOMEN

नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको विकासका लागि स्थानीय आवश्यकता पहिचान, विषयगत र क्षेत्रगत प्राथमिकताको आधारमा बजेट विनियोजन तथा योजना तर्जुमा गर्ने अधिकार दिएको छ । सोही व्यवस्थाका आधारमा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ ले वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई ७ वटा चरणहरूमा वर्गीकरण गरेको छ । स्थानीय विकासलाई अघि बढाउन, विकास कार्यक्रममा पारदर्शिता कायम गर्न, स्थानीय स्रोत साधनहरूको न्यायोचित वितरण गर्न र विनियोजित बजेटबाट अपेक्षित उपलब्धि हासिल गर्नका लागि योजना तर्जुमाका चरणहरु सहभागितामूलक र पारदर्शी हुनु अत्यावश्यक हुन्छ ।

स्थानीय आवश्यकता पहिचान गर्नु, प्राथमिकतामा पार्नु, समुदायका महिला तथा विकासको अवसरबाट पछाडि पारिएका वा रहेका सिमान्तकृत समूह अर्थात लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्नु र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्नु नै यस योजना तर्जुमाको मूल ध्येय हो । यसले सबै अधिकारवाला एवं सरोकारवालाहरूको सहयोग र समन्वयलाई विशेष जोड दिन्छ । उनीहरूबीच हुने छलफलले स्थानीय समुदायले भोग्दै आएका समस्या समाधान गर्ने आधारहरू पनि तयार गर्दछ ।

**पहिलो चरण**

## बजेटको पूर्वतयारी

यस चरणमा स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन एवम् सुशासनलगायतका क्षेत्रको वस्तुस्थिति झल्कने गरी स्थितिपत्र तयार गर्नुपर्छ र पालिकाको आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास कार्यहरूको विषयगत क्षेत्रहरु पनि विभाजन गरी कार्यपालिका सदस्यहरूलाई जिम्मेवारी प्रदान गर्नु पर्दछ । यसका साथै स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने अनुमानित आयव्यय प्रक्षेपण गरी तथ्यांकसहितको विवरण पुस मसान्तभित्र संघीय तथा प्रदेश अर्थ मन्त्रालयमा पठाउनु पर्दछ ।

संघीय सरकारबाट अनुदानबापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलब्ध हुने स्रोतको विवरण प्रत्येक वर्षको फागुन मसान्तसम्म पठाउनु पर्ने व्यवस्था छ भने प्रदेश सरकारले चैत्र मसान्तसम्म वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन पठाइ सक्नुपर्ने व्यवस्था छ ।

**दोस्रो चरण**

## स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

यस चरणमा पालिकाले नेपाल सरकार एवम् प्रदेश सरकारबाट अनुदान तथा राजस्व बाँडफाँड र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्दछन् । स्थानीय तहमा कार्यरत विभिन्न गैरसरकारी संस्था (गैसस), उपभोक्ता समिति, सहकारी संस्थाहरूसँग छलफल गरी संघसंस्थाहरूको बजेट तथा कार्यक्रम स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउने प्रक्रिया निर्धारण गरिन्छ र यो छलफल पालिका प्रमुखको नेतृत्वमा चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्दछ ।

पालिकाले आफ्नो आन्तरिक राजस्व, आय, रोयल्टी, प्रदेश सरकारबाट प्राप्त हुन सक्नेस्रोत, अन्य अनुदानसमेत अनुमान गरी अध्यक्ष तथा नगरप्रमुखको अध्यक्षतामा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक बसी प्रत्येक वर्षको वैशाख १० गतेभित्र बजेटको कुल सीमा, क्षेत्रगत बजेटको सीमा (सिलिङ) निर्धारण गर्नुपर्छ । यही चरणमा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी विषयगत महाशाखा, शाखा र वडा कार्यालयलाई उपलब्ध गराउनु पर्दछ ।

**तेस्रो चरण**

## बस्ती तहमा योजना छनोट

गाउँ वा नगरपालिकाले प्रत्येक वडा समितिलाई वडाअन्तर्गत रहेका बस्ती/टोलका योजना तर्जुमा गर्ने जिम्मेवारी दिनुपर्ने प्रावधान रहेको छ । यस चरणमा वडा समितिले वडामा रहेका सबै बस्तीहरूको सूची तयार गर्नुपर्दछ । सूचीअनुसारका हरेक बस्तीमा योजना छनोट बैठक आयोजना गर्न सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा भेलाको आयोजना गरी बैठक हुने मिति र समय कम्तीमा पनि ३ दिनअगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ । उक्त बैठकले स्थानीय समुदायका आवश्यकता पहिचान र प्राथमिकताका आधारमा 'कोही पनि नछुटून् र कोही पनि पछाडि नपरुन्'को अवधारणा अनुसार सो बस्तीभित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित, पछाडि पारिएका वर्ग, अपांगता भएका व्यक्ति, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अलपसंख्यक आदि) को सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

बस्ती/टोलस्तरमा योजना तर्जुमा सम्बन्धमा छलफल गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण, बालबालिका, विपद् जोखिम न्यूनीकरणजस्ता विषयमा विशेष ध्यान दिई छलफल गर्नु पर्दछ । यस्ता भेलाहरुमा टोलबस्तीमा क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा तथा महिला समूहहरु, युवा क्लब, बाल क्लब, विभिन्न महिला सञ्जालहरु तथा अन्य सरोकारवाला निकायहरु)को पनि सहभागिता गराउनुपर्ने व्यवस्था छ । यसरी छनोट भएका योजनाहरु वडा समितिका तोकिएका सदस्यहरूले लिखित रुपमा वडासमिति समक्ष वैशाख मसान्तभित्र पेस गरिसक्नुपर्ने व्यवस्था छ ।

**चौथो चरण**

## वडास्तरमा प्राथमिकता निर्धारण तथा छनोट

यस चरणमा वडा समितिले बस्ती टोल स्तरबाट प्राप्त योजना/कार्यक्रमहरूलाई एकीकृत गरी विषयगत क्षेत्रअनुसार छुट्ट्याई सूचीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यपालिकाबाट उपलब्ध आयोजना प्राथमिकता निर्धारणका आधारहरु, बजेटको प्राप्त सीमा तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नु पर्दछ । वडास्तरको बजेट सीमाभित्र रही वडा समितिले पारित गरेको आयोजना तथा कार्यक्रमलाई दोहोरो नपर्ने भएमा त्यसैलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम रूप दिन उपयुक्त हुन्छ । यस सूचीलाई पालिकाको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा प्रत्येक वर्षको जेठ १० गतेभित्र पेस गर्नु पर्दछ । उक्त समितिले यो सूची कार्यपालिका अन्तर्गतका सम्बन्धित महाशाखा, शाखा, वा एकाइमा पठाउनु पर्दछ । यसका साथै वडा समितिले दुई वा सोभन्दा बढी वडा समेटिने महत्वपूर्ण आयोजना/कार्यक्रमहरु तथा वडास्तरीय बजेट सीमाले नपुग्ने आयोजनाहरु समावेश गर्नुपर्ने भएमा औचित्य खुलाई छुट्टै सूची तयार गरी कार्यपालिकामा पठाउन सक्दछन् ।

**पाँचौ चरण**

## बजेट तथा कार्यक्रम तर्जुमा

विषयगत महाशाखा, शाखा, तथा एकाईले प्राप्त बजेट सीमा तथा मार्गदर्शनअनुसार विषयगत आयोजना/कार्यक्रमको सूची तयार गर्नु पर्दछ । यसरी सूची तयार गर्दा आवधिक योजना, आयोजना बैंक चालु आ.व.को मध्यमकालीन खर्च संरचना र वडा समितिलगायत विभिन्न स्रोतहरु प्राप्त योजना तथा कार्यक्रमहरूलाई मुख्य प्राथमिकताका आधारको रूपमा लिइएको हुन्छ । विषयगत समितिले तयार पारेको योजना तथा कार्यक्रमहरु दोहोरो नपर्ने गरी, बजेट सीमाभित्र रहेको र मार्गदर्शनअनुसार हुने आधारहरु हेरी पालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।

यसका साथै गाउँ नगरपालिकामा कार्यरत गैसस, उपभोक्ता समिति एवं विकास साझेदारहरूबाट प्राप्त बजेट तथा कार्यक्रम माथि छलफल गरी नदोहोरिने गरी वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावमा समावेश गर्नुपर्दछ । बजेट तथा कार्यक्रम तर्जुमा समितिले विनियोजन विधेयक मस्यौदा र बार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरी असार ५ गतेभित्र अध्यक्ष वा प्रमुखमार्फत कार्यपालिकामा पेस गर्नु पर्दछ ।

**छैटौं चरण**

## कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेस गरेको बजेट वक्तव्य, राजस्व, व्यय र वित्तीय व्यवस्था बजेट, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयकसम्बन्धी दस्तावेजसहितको एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेस गर्ने र प्रत्येक दस्तावेजहरूमा छुट्टाछुट्टै रूपमा दफावार छलफल गरी कार्यपालिकाले स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त स्वीकृत एकीकृत वार्षिक विकास कार्यक्रम, बजेट वक्तव्य र बार्षिक बजेट, राजस्व, व्यय, आर्थिक तथा विनियोजन विधेयक आदि कार्यपालिकाबाट स्वीकृत गरी उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाले तोकेको सदस्यमार्फत असार १० गतेभित्र नगर सभामा पेस गर्नुपर्ने प्रावधान रहेको छ ।

**सातौं चरण**

## स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

आगामी आर्थिक बर्षको वार्षिक बजेट तथा वार्षिक विकास कार्यक्रम र सोसँगसम्बन्धित दस्तावेजहरु नगर/गाउँ सभामा पेस भएको १५ दिनभित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिका बनाउनुपर्ने प्रावधान रहेको छ । सभाले दफावार छलफलपश्चात् बजेट पारित गर्न वा सुझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्दछन् । सुझावसहित फिर्ता भएको बजेटउपर कार्यपालिकाले पुन: विचार गरी आवश्यक परिमार्जनसहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा ५ दिनभित्र पुन: पेस गर्नुपर्नेसमेत प्रावधान रहेको छ । सभाले असार मसान्तसम्म आगामी आर्थिक वर्षको बजेट, कार्यक्रम तथा सोसँगसम्बन्धित विधेयकहरु स्वीकृत गरी सक्नुपर्ने प्रावधान रहेको छ ।

सभाबाट पारित ऐनहरु अध्यक्ष/प्रमुखद्वारा प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने र वार्षिक बजेट तथा कार्यक्रम साउन १५ गते भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्ने वा कार्यालयको वेबसाइटमा समेत राख्नु पर्दछ ।

## योजना कार्यान्वयन

पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ वा नगरपालिकाका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था तोकिएको छ । अख्तियारी पाएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले तोकिएको ढाँचामा कार्यक्रम स्वीकृत गरी विषयगत महाशाखा, शाखा, विभाग, एकाइ र वडासचिवलाई लिखित रुपमा कार्यान्वयनको जिम्मेवारी प्रदान गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, पालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले वार्षिक अनुगमन तथा मूल्यांकन योजना बनाई स्वीकृतिको लागि कार्यपालिकामा पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।